दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पु-याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक १५५ | बुटवल | २०८३ जेठ २२ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday Jun 05, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## मलेसियालाई १६७ रनले हराउँदै नेपाल समूह विजेता




बुटवल । एसियन गेम्स क्वालिफायरअन्तर्गत नेपालले मलेसियाविरुद्ध सहज जित निकालेको छ । बिहीबार सम्पन्न खेलमा नेपालले मलेसियालाई १६७ रनले हराउँदै समूह विजेता बनेर एसियन गेम्समा स्थान बनाएको हो । नेपालले दिएको २७७ रनको लक्ष्य पछ्याएको मलेसियाले २० ओभरमा ९ विकेट गुमाएर १०८ रनमात्रै बनाउन सक्यो । उसका लागि कप्तान सयूयद अजीजले ५४ रन जोड्दा सार्विन मुनियान्दीले १८ तथा मुहम्मद हजिजले १३ रन बनाउँदा अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

मलेसियालाई सस्तैमा समेट्न नेपालका शेर मल्लले तीन विकेट लिए भने करण केसी, सोमपाल कामी, सन्दीप लामिछाने, दीपेन्द्र सिंह ऐरी र कुशल मल्लले एक-एक सफलता हात पारे । पराजित भए पनि मलेसियाले पनि एसियन गेम्समा स्थान बनाएको छ ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ थालेको नेपालले २० ओभरमा ७ विकेटको क्षतिमा २७५ रन जोड्यो । ओपनर कुशल भुर्तेलले शतकीय इनिङ्स खेले । उनले १२६ रन जोडे । ५४ बल खेलेका उनले १४ चौका र ८ छक्का प्रहार गरे । टी २० आईमा उनको यो तेस्रो शतक हो ।

यस्तै, आसिफ शेखले २४ बलमा ६८ रनको आक्रामक पारी खेले । उनले ७ छक्का र ५ चौका प्रहार गरे । दीपेन्द्र सिंह ऐरीले ११ बलमा ३१ रन जोडे । उनले ४ छक्का र १ चौका हिर्काए । बलिङतर्फ मलेसियाका विरनदीप सिंहले तीन तथा सयूयद अजिज र विजय उन्नीले दुई-दुई विकेट लिए ।

## दुर्घटनामा तीन जनाको मृत्यु

रोल्पा । रोल्पामा भएको सवारी दुर्घटनामा ज्यान गुमाएकाहरूको पहिचान खुलेको छ । माडी गाउँपालिका-२ व्याङ्खोलामा बिहीबार बिहान एमएच १४ टीसीजे ४७१ अस्थायी नम्बरको जीप दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको थियो ।

जिल्ला प्रहरी कार्यालय रोल्पाका सूचना अधिकारी इन्सपेक्टर कृष्ण श्रेष्ठका अनुसार एक महिला र दुई पुरुषको मृत्यु भएको हो ।

दुर्घटनामा मृत्यु हुनेमा चालक दाङको घोराही उप-महानगरपालिका-७ देसाहीका वीरबहादुर चौधरी, गाडीमा सवार दाङको दगिशरण गाउँपालिका-७ श्रीगाउँ घर भई हाल घोराही उप-महानगरपालिका-१४ बस्ने जीउधन चौधरी र उनकी श्रीमती कमला चौधरी रहेको प्रहरीले जनाएको छ ।

जीप जस्तापाता, सिमेन्ट, प्लास्टिकको पाइपलगायत निर्माण सामग्री लिएर जाँदै गर्दा दुर्घटनामा परेको थियो । प्रहरीका अनुसार गाडी सडकबाट करिब ५ सय मिटर तल खसेको थियो ।

## टिकटकर तुल्सा पुर्पक्षका लागि थुनामा



बुटवल । टिकटकर तुल्सा अधिकारीलाई पुर्पक्षका लागि थुनामा पठाउन जिल्ला अदालत ललितपुरले आदेश गरेको छ । ललितपुर जिल्ला अदालतका न्यायाधीश टेकनाथ गौतमको इजलासले उनलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको हो । उनलाई प्रहरीले इन्टरपोलको सहयोगमा १७ जेठमा थाइल्यान्डबाट पक्राउ गरी नेपाल ल्याएर अदालतमा पेस गरेको थियो । उनीविरुद्ध आपराधिक विश्वासघात, संगठित अपराध, सम्पत्ति शुद्धीकरणसमेतको मुद्दा छ । उनी पछिल्लो समय चीनमा बस्दै आएकी थिइन् । प्रहरीले अनुसन्धान अघि बढाएपछि उनले सामाजिक सञ्जालबाटै प्रहरीमाथि आक्रोश पोखेकी थिइन् ।

'म भदौ १९ गतेसम्म नेपालमै थिएँ । मलाई कुनै खोजखबर गरिएन । चीन आएपछि पक्राउ पुर्जी जारी भएको थाहा पाएँ । मेरो मान्छेहरू प्रहरीमा बुझ्न जाँदा प्रहरीले जाहेरी देखाएन ।'- तुल्साले भनेकी थिइन् ।

त्यसपछि प्रहरीले भ्रम नछर्न भन्दै विज्ञप्ति नै जारी गरेको थियो । कुमार चिमोरिया नाम गरेका व्यक्तिले उनीविरुद्ध २२ साउन २०८२ मा प्रहरी वृत्त सातदोबाटोमा ठगी तथा आपराधिक विश्वासघातको कसुरमा जाहेरी दिएका थिए । यसको अनुसन्धान गर्दा उनी सम्पत्ति शुद्धीकरणको कसुरमा पनि जोडिएकी थिइन् । त्यसपछि २० कात्तिक २०८२ मा सम्पत्ति शुद्धीकरण विभागबाट सुझाव समेत लिएर उनीमाथि सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धान गरिएको थियो ।

उनीविरुद्ध ६ करोड ५२ लाख २९ हजार ७५ रुपैयाँ ठगी र सम्पत्ति शुद्धीकरणको मुद्दा दायर भएको थियो ।

# सम्पत्ति छानबिन आयोगले मन्त्रिपरिषद्लाई नछुने

### अदालत, सेना, संवैधानिक आयोगका पदाधिकारीहरूलाई पनि छानबिन बाहिर राख्ने सरकारको सेलेक्टिभ निर्णयले सुशासन रटान लगाउने सरकारको नियतमाथि गम्भीर प्रश्न उब्जिएको छ ।

**लुम्बिनी संवाददाता**

*बुटवल*

भ्रष्टाचार नियन्त्रण, सुशासनको नारा चर्को रुपमा उठाएर झण्डै दुई तिहाई बहुमतसहित बनेको सरकारको सम्पत्ति छानबिन आयोगले वर्तमान मन्त्रिपरिषद्का सदस्यहरूको सम्पत्ति छानबिन नगर्ने भएको छ । प्रधानमन्त्री र मन्त्रिपरिषद् मात्र नभई अदालत, सेना, संवैधानिक आयोगका पदाधिकारीहरूलाई पनि छानबिन बाहिर राख्ने सरकारको सेलेक्टिभ निर्णयले सुशासन रटान लगाउने सरकारको नियतमाथि गम्भीर प्रश्न उब्जिएको छ ।

सरकार गठनदेखि नै सुशासनलाई मुख्य एजेन्डा बनाउँदै आएको वर्तमान सत्तापक्षले आफ्नै प्रधानमन्त्री र मन्त्रीहरूलाई छानबिनको दायराबाहिर राखेको विषय सार्वजनिक भएसँगै राजनीतिक वृत्त, नागरिक समाज र सामाजिक सञ्जालमा व्यापक आलोचना सुरु भएको छ ।

सरकारले गत बैशाख २ गते मन्त्रिपरिषद्को निर्णयबाट २०६२/६३ यता सार्वजनिक उच्च ओहदामा पुगेका पदाधिकारीहरूको सम्पत्ति छानबिन गर्न पाँच सदस्यीय उच्चस्तरीय आयोग गठन गरेको थियो । आयोगको संयोजकमा सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारी छन् ।

आयोग गठन गर्दा सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलले २०६२/६३ यता सार्वजनिक पदमा पुगेका सबै उच्च पदाधिकारी र वर्तमान मन्त्रिपरिषद्का सदस्यहरूको समेत सम्पत्ति छानबिन हुने बताएका थिए । सरकारको उक्त घोषणालाई धेरैले सुशासनतर्फको साहसी कदमका रूपमा स्वागत गरेका थिए ।

तर आयोगले काम थालेपछि सरकारले दिएको कार्यादेश (टीओआर) मा वर्तमान प्रधानमन्त्री र मन्त्रीहरू नसमेटिएको खुलासा भएको छ । आयोगका सदस्य गणेश केसीका अनुसार आयोगलाई दिइएको कार्यादेशमा २०८२ सालसम्म बनेका मन्त्रीहरूको सम्पत्ति छानबिन गर्ने उल्लेख छ । वर्तमान सरकार २०८२ सालको अन्त्यतिर गठन भएकाले हालका प्रधानमन्त्री र मन्त्रीहरू स्वतः छानबिनको दायराबाट बाहिर परेका छन् ।

यससँगै सरकारको नियतबारे प्रश्न उठ्न थालेको छ । आलोचकहरूका अनुसार सरकार सुशासनको नारा दिएर सार्वजनिक रूपमा लोकप्रियता बटुल्न खोजे पनि व्यवहारमा भने आफ्नै नेतृत्व र मन्त्रीहरूलाई सम्भावित सम्पत्ति शुद्धीकरण तथा अवैध आर्जनसम्बन्धी अनुसन्धानबाट जोगाउने प्रयासमा देखिएको छ ।

राजनीतिक विश्लेषकहरू भन्छन्-'यदि आयोगको उद्देश्य सार्वजनिक पदमा बसेका व्यक्तिहरूको सम्पत्तिको निष्पक्ष छानबिन गर्नु हो भने हाल सत्तामा रहेका व्यक्तिहरूलाई बाहिर राख्नु नै आयोगको विश्वसनीयतामाथि प्रश्न उठाउने विषय हो ।' उनीहरूका अनुसार विगतका पदाधिकारीमाथि मात्र अनुसन्धान गर्ने, तर वर्तमान पदाधिकारीलाई छुट दिने प्रवृत्तिले आयोगलाई राजनीतिक प्रतिशोध वा चयनात्मक अनुसन्धानको उपकरणका रूपमा चित्रित गर्न सक्ने



खतरा बढाएको छ ।

विवाद यतिमै सीमित छैन । आयोगका सदस्य केसीले सर्वोच्च अदालतका न्यायाधीशहरू, नेपाली सेना, संवैधानिक निकायका पदाधिकारीहरू, पूर्वराजा, राष्ट्रपति तथा उपराष्ट्रपतिहरू पनि आयोगको कार्यादेशभित्र नरहेको जानकारी दिएका छन् । यसले आयोगले छानबिन गर्ने भनिएको दायरा अपेक्षाभन्दा निकै साँघुरो रहेको देखाएको छ ।

यद्यपि प्रहरी र सशस्त्र प्रहरीका वर्तमान तथा पूर्व पदाधिकारीहरू भने आयोगको कार्यादेशभित्र समेटिएका छन् ।

आयोगलाई एक वर्षको समयावधि दिइएको छ । हाल आयोगले उजुरी संकलन र सम्पत्ति विवरण फाराम वितरणको काम गरिरहेको छ । कार्यादेशभित्र पर्ने सबै पदाधिकारीलाई जेठ महिनाभित्र सम्पत्ति विवरण बुझाउन भनिएको आयोगले जनाएको छ ।

तर आयोगको प्रभावकारितामाथि अर्को प्रश्न पनि उब्जिएको छ । यदि कुनै व्यक्तिले सम्पत्ति विवरण बुझाउन अस्वीकार गरे वा फाराम नै भरेन भने आयोगले के कारबाही गर्छ भन्ने विषय अझै स्पष्ट छैन । आयोगका सदस्य केसीले त्यसबारे पछि निर्णय गरिने बताएका छन् ।

यसबिच प्रमुख सत्तारूढ दल एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले पनि सम्पत्ति विवरण संकलन प्रक्रियामाथि कटाक्ष गरेका छन् । एक सार्वजनिक कार्यक्रममा उनले आफ्नो घर जलेको प्रसंग जोड्दै "सम्पत्ति जलाएपछि सम्पत्ति विवरण मागिएको छ, खरानी लैजा सरकार" भन्ने टिप्पणी गरेका थिए । उनको अभिव्यक्तिलाई आयोगको प्रक्रियाप्रति असन्तुष्टिको संकेतका रूपमा हेरिएको छ ।

सार्वजनिक रूपमा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता र सुशासनको प्रतिबद्धता दोहोऱ्याइरहेको सरकारकै नेतृत्व तह छानबिनको दायराबाहिर रहने भएपछि नागरिकस्तरमा प्रश्नहरू झन् तीव्र बनेका छन् । सामाजिक सञ्जालमा धेरैले "आफ्नालाई जोगाउने र अरूलाई मात्रै अनुसन्धान गर्ने" प्रवृत्ति दोहोरिएको टिप्पणी गरेका छन् । कतिपयले वर्तमान प्रधानमन्त्री र मन्त्रीहरूलाई नै छानबिनमा समेट्न नसक्ने आयोगबाट निष्पक्ष अनुसन्धानको अपेक्षा गर्न कठिन हुने प्रतिक्रिया दिएका छन् ।

सुशासन र पारदर्शिताको आधारभूत सिद्धान्तअनुसार सार्वजनिक पदमा रहेका व्यक्तिहरू स्वयं छानबिनका लागि तयार हुनुपर्ने मान्यता रहँदै आएको छ । तर वर्तमान सरकारका प्रधानमन्त्री र मन्त्रीहरू आयोगको कार्यादेशमै नपरेको विषयले सरकारको सुशासन अभियानको विश्वसनीयतामाथि नयाँ बहस सुरु गराएको छ । विपक्षी दलहरू, नागरिक अगुवा र सुशासन अभियन्ताहरूले आयोगको कार्यादेश पुनरावलोकन गरी वर्तमान मन्त्रिपरिषद्लाई पनि छानबिनको दायरामा ल्याउन माग गर्न थालेका छन् ।

भ्रष्टाचार नियन्त्रण र सुशासन स्थापना गर्ने उद्देश्यसहित सरकारले गठन गरेको सम्पत्ति छानबिन आयोगको कार्यादेश सार्वजनिक भएपछि एउटा गम्भीर प्रश्न उठेको छ- आखिर छानबिन कसका लागि ?

यदि वर्तमान प्रधानमन्त्री, मन्त्रीहरू, सर्वोच्च अदालतका पदाधिकारी, नेपाली सेना, संवैधानिक आयोगका पदाधिकारी, राष्ट्रपति, उपराष्ट्रपति लगायत राज्यका सबैभन्दा शक्तिशाली र प्रभावशाली पदमा बसेका व्यक्तिहरू नै छानबिनको दायराबाहिर रहने हो भने आयोगको औचित्यमाथि प्रश्न उठ्नु स्वाभाविक छ ।

» बाँकी ३ पेजमा

## महामन्त्रीसहित नेताहरूले पार्टी छाडेपछि चोइटियो राप्रपा



बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) चोइटिएको छ । महामन्त्री धवलशमशेर राणालाई साथ दिँदै १८३ जनाले पार्टी छाडेपछि राप्रपा चोइटिएको हो । पार्टी छाडेका महामन्त्री राणाले राष्ट्रवाद, राजासहितको प्रजातन्त्र र हिन्दु सनातन मूल्य मान्यतालाई केन्द्रमा राखेर नयाँ राजनीतिक दल गठन गर्ने घोषणा गरेका छन् ।

शीर्ष तहमा रहेका अन्य नेताहरू मुकुन्दश्याम गिरी, दिलनाथ गिरी, केशवराज श्रेष्ठ, नारायणप्रसाद कोइराला, भैरहवाका दीपक बोहराका छोरा प्रज्ज्वल बोहरालगायतले राप्रपा परित्याग गरेका छन् ।

राप्रपा परित्याग गर्नेहरूमा पदाधिकारी, कार्यसम्पादन समिति सदस्य, केन्द्रीय सदस्य, प्रदेश सदस्य, जिल्ला सदस्यलगायत छन् । पार्टी छाड्ने क्रम थप बढ्ने उक्त पक्षको दाबी छ ।

बिहीबार पार्टी परित्याग गर्नेहरू पहिलो चरणको भएको असन्तुष्ट पक्षले जानकारी गराएको छ । मूल नेतृत्व (अध्यक्ष राजेन्द्र लिङ्देन) को हिनभाव, कमजोरी एवं आत्मकेन्द्रित शैलीका कारण राप्रपाले आफ्नो नीति छोडेको राजीनामा दिनेहरूले आरोप लगाएका छन् ।

आफ्नो नेतृत्वमा १८३ जना नेताहरूले सामूहिक राजीनामा दिएपछि आयोजित भेलालाई सम्बोधन गर्दै राणाले राप्रपाबाट आफूहरूले बोकेको विचार र उद्देश्य पूरा हुन नसक्ने निष्कर्षमा पुगेकाहरूलाई नयाँ दलमा सहभागी हुन आह्वान गरे ।

राप्रपामै बसेर आफ्नो लक्ष्य पूरा गर्न सकिन्छ भन्ने विश्वास हुने कार्यकर्तालाई त्यहीँ रहन आग्रह गरे पनि विचार र लक्ष्य कार्यान्वयनको सम्भावना नदेख्नेहरूलाई नयाँ शक्तिमा जोडिन आग्रह गरे ।

नयाँ दलमा राप्रपाका असन्तुष्ट कार्यकर्ता मात्र नभई राष्ट्रवादी, राजावादी र हिन्दुवादी धारका विभिन्न व्यक्ति, संस्था र राजनीतिक शक्तिहरूलाई समेट्ने बताए ।

उनले भने-'दुर्गा प्रसाईंजीको अभियानसित धेरै कुरा अगाडि बढाइसक्या छौं ।

» बाँकी ३ पेजमा

गाउँवासीहरूमा हार्दिक अनुरोध
गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं ।
- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचविखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।
दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत
प्रेम श्रेष्ठ
अध्यक्ष
तिनाउ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, दोभान, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# प्रधानमन्त्रीलाई कसले सम्झाउने ?

पोशाक व्यक्तिको पहिचान हो, उसको प्रतिष्ठासँग जोडिएको हुन्छ। सार्वजनिक जीवनमा रहेका व्यक्तिले लगाउने पोशाक व्यक्तिको पहिचान र प्रतिष्ठा मात्रै नभएर संस्थाप्रतिको सम्मान र मर्यादासँग जोडिन्छ । अझ राष्ट्रपति, प्रधानमन्त्रीलगायतले लगाउने पोशाकले मुलुकको पहिचान र प्रतिष्ठा झल्काउँछ। अहिले प्रधानमन्त्रीमा राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र साह छन्। प्रधानमन्त्रीले पोशाकमा गरेको खेलवाडले उनको मर्यादा घटाएको मात्रै छैन, मुलुककै साख गिराएको छ।

संसद औपचारिक थलो हो । संसदमा जाँदा उनले अझै राष्ट्रिय पोशाक लगाएका छैनन्। टिसर्ट र स्पोर्टस जुत्तामा कोट लगाएर संसद पुगेका उनलाई सजिलै भए होला । तर देशको प्रतिष्ठा, संसदको मर्यादाप्रतिको बेवास्ताले उनलाई देख्ने धेरैलाई निराश बनाएको छ। संसद जननिर्वाचित जनप्रतिनिधिको सर्वोच्च थलो हो, यहीबाट उनी प्रधानमन्त्री चुनिएका हुन्। उनलाई कार्यकारी अधिकार यही संसदले दिएको हो, उनलाई नियन्त्रण यही संसदले गर्न सक्छ। संसदप्रति उनले गरेको बेवास्ता गलत छ। अदालतमा न्यायाधीश, कानुन व्यवसायीलाई पोशाकसम्बन्धी कोड अनिवार्य छ । यसो गर्नुको उद्देश्य व्यक्तिका लागि मात्रै नभएर संस्थाप्रतिको सम्मानका लागि हो । संस्थाप्रतिको सम्मानले व्यक्तिलाई अनुशासित र मर्यादित बनाउँछ।

निजामति कर्मचारीलाई पोशाक कोड अनिवार्य छ। सेना, पुलिसलगायत फौजी निकायमा आ-आफ्ना पोशाक कोड छन्। शिक्षक र विद्यार्थीका आफ्नै पोशाक छन्। पोशाककै कारण हामी उनीहरुको पहिचान गर्छौं। उनीहरुलाई अनुशासित बनाएको हुन्छ नै, संस्थाप्रति सम्मान पनि व्यक्त हुन्छ। शान्ति प्रक्रियापछि माओवादी नेताहरु पुष्पकमल दाहाल, बाबुराम भट्टराई प्रधानमन्त्री बनेपछि संसदमा राष्ट्रिय पोशाक दौरा सुरुवाल लगाउन हच्किए । तर उनीहरुले स्पोर्ट्स जुत्ता लगाएनन्। कोट, सर्ट र पाइन्टमा छालाको जुत्ता लगाएर औपचारिक देखिए । समय बित्दै जाँदा राष्ट्रिय पोशाक दौरा सुरुवालमा सजिएर पुगे।

प्रधानमन्त्री साह युवा पुस्ताका पथपर्दशक हुन् । उनको पोशाक, खाना र बोली नयाँ पुस्ताको ब्राण्ड बन्छ । राष्ट्रप्रति माया गर्ने ब्राण्ड बनाउन प्रेरित गर्दा राष्ट्रियता बलियो हुन्छ । सेनाको कार्यक्रममा राष्ट्रिय पोशाक लगाएर पुग्ने प्रधानमन्त्रीले संसदमा पनि त्यसै गरे कति राम्रो हुन्थ्यो । अरु भन्दा फरक देखिने नाउमा हुने हरेक क्रियाकलाप स्वभाविक हुँदैनन् भन्ने हेक्का पक्कै पनि प्रधानमन्त्रीलाई थाहा छ। संसदको मर्यादा राख्न सक्दा मात्रै प्रधानमन्त्रीप्रति नागरिकको भरोसा र विश्वास गर्न सक्छ किन कि जनताले निर्वाचित गरेका जनप्रतिनिधिको थलो संसद हो । संसदप्रति मर्यादा राख्नु भनेको आम नागरिकप्रतिको सम्मान र मर्यादा हो ।

# १३ अङ्कले घट्यो सेयर बजार



काठमाडौँ । सेयर बजार १३.४६ अङ्कले घटेको छ । साताको चौथो दिन बिहीबार बजार परिसूचक (नेप्से) परिसूचक २७६६.७८ अङ्कमा कायम भएको हो।

६३ कम्पनीको मूल्य बद्धदा १९८ को घटेको छ ८ को स्थिर रह्यो। ४ अर्ब ७० करोडको भएको छ जुन अघिल्लो दिन ५ अर्ब ७३ करोड थियो।

म्युचुअल फण्ड बाहेक सबै समूहगत सूचक घटेका छन् । व्यापार सबैभन्दा धेरै १.७१ प्रतिशत घट्यो। होटल तथा पर्यटन १.०७ तथा निर्जीवन बिमा १.२० प्रतिशतले घटेको छ।

कालिञ्चोक हाइड्रोपावरको मूल्य सबैभन्दा धेरै १४.९९ प्रतिशत बढ्यो । त्यस्तै न्यादी हाइड्रोपावरको मूल्य ९.१६, सेन्ट्रल फाइनान्सको ४।७८ प्रतिशत मूल्य बढ्यो । विजय लघुवित्तको ४.६९, भगवती हाइड्रोपावरको ४.२७ प्रतिशतले घटेका छन्।

धेरै कारोबार भएकामा एभरेस्ट बैंक डिबेन्चर ८६ को १४ करोडको हुँदा, आँखुखोला जलविद्युत् ३२ करोड, सेन्ट्रल फाइनान्स १८ करोड र नेपाल पुनर्बिमा कम्पनीको १७ करोडको कारोबार भएका छन्।

# राष्ट्रद्रोहीलाई माफी होइन, कारबाही गर्नुपर्छ



विन बहादुर कुँवर

प्रधानमन्त्रीबाट अपदस्त गरेर राष्ट्रद्रोहको मुद्दा चलाई वर्षौंसम्म जेल नकोचेसम्म देश र जनतालाई न्याय मिल्ने छैन । यी प्रतिपक्षी दल काग्रेस-एमाले र माओवादीको कुनै भर ठेगान छैन । माथि भने जस्तै पटकपटक यस्तो राष्ट्रघात यिनीहरुबाट पनि हुने गरेको छ । त्यसैले माथि भनेजस्तै बढी सम्भावना यिनीहरुको काले काले मिलेर खाउ भाले नै हुन सक्छ । त्यसैले यसका विरुद्ध आम देशभक्त, वामपन्थी र जनवादी शक्तिलगायत आम नेपाली जनताहरु नै संघर्षमा जुटौं । नत्र भने नेपाल सिक्किम बन्ने खतरा बढेर गएको छ ।

चाइनिज एउटा अपेरा 'सेतो नागिनी' मा स्वर्गकी एउटा नागिनीलाई मान्छेहरुको रहनसहन, बानी व्यवहार बुझ्ने र हेर्ने इच्छाले पृथ्वीमा पठाइएको देखाइएको छ । यहाँ आएपछि उनको एउटा युवकसँग प्रेम हुन्छ। लामो समय त्यही युवकसँग उनको घुमफिर बसउठ सबै हुन्छ । तर एक दिन एकाएक उनलाई स्वर्गको याद आउँछ । त्यसपछि उनको त्यो मानव रुपी रुप बदलिएर उही पुरानै सर्प नागिन नै रुप देखिन्छ । बल्ल त्यो युवाले बुझ्छ नागिनीसित यस्तो प्रेम गरी यति धेरै वर्ष भुलिएछ। त्यसपछि उ डराउँछ। ओहो ! यो के भयो ? मुर्छा परी बेहोस हुन्छ । ठीक यस्तै स्थिति आज नेपालका प्रधानमन्त्री बालेन शाहले देखाएका छन् र यसबाट घण्टी पार्टीका नेता, कार्यकर्ता र अन्य लाखौं उनका समर्थक जनताहरु माथि भनिएको नागिनीसितको प्रेममा लठ्ठिएका ती युवा जस्तै मुर्छित र बेहोस भइरहेका छन् ।

बितेका चार वर्ष जुन काठमाडौं मेयर बालेन शाह अनि जेनजी आन्दोलनपछिका प्रधानमन्त्रीका प्रत्यासी प्रतिनिधिसभाका उम्मेदवार बालेन हिजो जुन अवस्थामा देखा परेका थिए, तर जब उनी प्रतिनिधिसभा सदस्य सांसद भई प्रधानमन्त्री बने त्यसपछिको उनको रुप र अवस्था ठ्याक्कै फेरिएको छ जस्तो माथि एउटी स्वर्गकी परी नागिनीको रुप जस्तै अर्थात् आकाश पातलको हेरफेर जस्ताको जस्तै पुरानै अवस्थामा ।

हिजो काठमाडौंको मेयर बन्ने बेलामा चमेलीको गीत गाएर गरिब, शोषित, पीडित र भुई मान्छेहरुको मन जिती मेयर भएका बालेनबाट काठमाडौंका जनताले ठूलो आशा गरेका थिए । तर पछि उनले ती सबै जनताको आशाविपरीत उल्टै उनले ती सबैलाई उठिबास लगाउने प्रयत्न गरे । कवाडीहरुको त उठिबास नै गराए । त्यसपछि सुकुम्वासीहरुको उठिबास लगाउन भने सकेनन्, केन्द्र सरकारको असहयोगले त्यसमा उनी असफल भए। तै पनि काठमाडौंका मात्रै होइन पुरै देशका जनताहरुले पनि उनको त्यो राक्षसी कर्तुतलाई बुझ्न सकेनन् उल्टै प्रधानमन्त्रीमा नै विजयी गराई नेपालको प्रधानमन्त्री नै बनाइदिए ।

त्यस्तो प्रधानमन्त्री बनेकै दिनदेखि उनको मूल काम भनेकै प्रतिशोध बदला अनि संघसंस्था र जनवर्गीय संगठन विरोधी निरंकुश शासन सत्ताको सुरुवात गरिहाले । सुकुम्बासी माथिको डोजर आतंक विभिन्न जनवर्गीय संगठनमाथिको प्रतिबन्ध, अदालत माथिको हस्तक्षेप, कसैका कुरा नसुन्ने, एकहोरो सनकको भरमा न दलहरु, संसद अदालत कसैलाई पनि नटेर्ने । हुँदाहुँदै सदनमा प्रस्तुत आफ्नै सरकारी नीति तथा कार्यक्रम राष्ट्रपतिद्वारा प्रस्तुत भइरहेकै बीचमा एकाएक त्यसलाई बेवास्ता गरी बाहिरिएपछि बल्ल जनतामा केही आशंका पैदा भयो यो प्रधानमन्त्रीको हर्कत, चालचलन र शैलीमा रहस्य के हो ? शंकाको विषय बनी नै रह्यो ।

अझ प्रधानमन्त्री भए लगत्तै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले उनलाई बधाई शुभकामना दिँदै तत्काल भारत भ्रमणको निम्ता दिए । त्यसलाई बालेनले स्वीकारे पनि, तर पछि त्यसको औपचारिक पत्र लिई आउने भारतीय विदेश मन्त्रीसित भने प्रत्यक्ष भेटवार्ता नगर्ने भनेपछि त्यसलाई त्यत्तिकै स्थगित गरियो । त्यसपछि केही चिडिएका भारतीय प्रम मोदीले एउटा नयाँ चाल खेले । डायमन कट डायमन अर्थात् फलामले फलाम काट्छ भने जस्तै प्रम बालेनलाई तह लगाउन उनकै पार्टी सभापति रवि लामिछानेलाई आफ्नै पार्टी मातहत भारत भ्रमणको निम्ता दिई पाँच दिने भारत भ्रमण गराउन थाले । बल्ल प्रम बालेनको वास्तविक होस फिर्यो । तब हतार हतार सदनको कुनै पूर्व तालिका विना सदनमा गई सभामुख सामु बोल्नका लागि बालेनले अनुमति मागे । विना संसदीय कार्यतालिका, विना तयारी एकाएक त्यहाँ उपस्थित भई प्रश्न उत्तरको कार्यक्रमप्रति प्रतिपक्षी दलका सभासदहरुको आपत्ति हुँदाहुँदै पनि भारतीय अतिक्रमण नेपाली भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरा माथि गरिएको प्रश्नमा उनले भारतले मात्र होइन म प्रधानमन्त्री भएपछि बल्ल थाहा भयो नेपालले पनि कैयौं ठाउँमा भारतीय भूमि मिचेको रहेछ भन्न भ्याए । भारतले समेत अहिलेसम्म कही कतै यस्तो भनेको थिएन । तर कस्तो अचम्म आजसम्म यस्तो कही कतैबाट पनि थाहा नभएको नयाँ जानकारी प्रधानमन्त्री बालेनलाई कसरी भयो ? तै पनि घण्टी सभासदहरुको सदनमा तालीको गढगढाहट ! प्रतिपक्ष सबै नतमस्क !

कालापानी, लिपुलेक मात्रै होइन नेपालको पूर्व मानेभञ्ज्याङ, दक्षिण सुस्ता महेशपुर अनि पश्चिम कैलाली, कञ्चनपुरलगायत थुप्रै सीमामा वर्षौंदेखि भारतीय अतिक्रमण हुँदै आएको छ। यसभन्दा पहिलेका प्रधानमन्त्रीहरुले यसबारे कुरा त उठाए तर केही गर्न सकेनन् । तर अब त करिब दुई तिहाई बहुमत प्राप्त अत्यन्त लोकप्रिय युवा प्रधानमन्त्री बालेन शाहबाट त यसको बारेमा अवश्य केही हुन्छ होला भनी सोधिएको प्रश्नमा उल्टै नेपालले नै भारतीय सीमा मिचेको भनेपछि अनि समस्याको समाधान होला भनेको त झन अन्योलता, झन भारतीय पक्षलाई हुँदै नभएको प्रमाण पेश आखिर यो त सुकिदे भन्दा त झन थपिदे गाड भने जस्तो भयो । अहिले नेपालका प्रधानमन्त्रीको यो उद्घोष पछि थुप्रै भारतीय विस्तारवादी शासक अनि नेता, मिडियाहरुले उत्सव भनाइ रहेका छन् । एसडी मुनिले त बालेनलाई बधाई नै दिइसकेका छन् र भारतीय सरकारलाई तत्काल त्यो भूमि फिर्ता गराउन सुझाइसकेका छन् । भारतका लागि यो भनाइ त के खोज्छस आँखो भने जस्तै हाई सञ्चो भएको छ। अब कुन नाकले र कुन कूटनीतिले भारतलाई त्यो हाम्रो अतिक्रमण भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरा फिर्ता गर भन्ने ? त्यसैले बालेनको यो भनाइले नेपालको राष्ट्रियता र स्वाभिमानप्रति ठूलो संकट उत्पन्न गरेको छ। झन बढी भारतीय अतिक्रमणलाई हौसला प्रदान गरेको छ । नभन्दै अहिले भारतीय सेनाहरु सुस्तामा प्रवेश गरी त्यहाँको त्यो भूमि हाम्रो हो भन्दै निर्माणाधिन तटबन्ध रोक्का गरिसकेका छन् ।

अहिले सदनदेखि सडक चारैतिर प्रम बालेनको विरोध, निन्दा र घृणा भइरहेको छ। उक्त भनाइ फिर्ता लिन र माफी माग्न भनिरहेका छन् । तै पनि बालेन अहिलेसम्म चुपचाप छन्। तर उनका केही दलालहरुले भने उनको त्यो भनाइलाई समर्थन र त्यस्ता केही नक्कली प्रमाणहरु पनि दिन थालेका छन् । त्यसो गर्नु दास दलालहरुको दैनिक नै हो । यस्ता भारतीय दलालमध्ये एउटा दलाल हाम्रै निकट कुनै बेलाका हाम्रै पार्टीको नेता अझ १० वर्षे माओवादी जनयुद्धका प्रमुख नायक भनिने डा. बाबुराम भट्टराईले समेत त्यसलाई पुष्टि गर्दै तितो सत्य तर असान्दर्भिक र कुबेलामा भनेको भनी त्यसको समर्थन गरे जस्तो गरेका छन्। धिक्कार छ! केही लाजश्रम नभएको गद्दार राष्ट्रघाती भारतीय विस्तारवादी दलाल । कुनै बेला एउटै पार्टी र एउटै पार्टी कमिटीमा बसेको अझ मसालबाट विद्रोह गराई एकता केन्द्र हुँदै माओवादी बनाएको। तर अपसोच ! यस्ता दुष्ट राष्ट्रघाती, गद्दारलाई पालनपोषण गराइएकोमा गोमन सापलाई दूध पिलाए जस्तो आफैँमाथि डस्न आउने अर्थात् आफ्नै मातृभूमि माथि गरिएको बालेनको नांगो हस्तक्षेप र बलत्कारप्रतिको विरोध निन्दा र घृणा गर्नुको बदला उल्टै बलात्कारीहरुलाई फाइदा पुग्ने गरी बोल्न लाज लाग्दैन ? २०४८ सालतिर बाबुराम भारतीय रअ र अमेरिकी दलाल हो भनी मसाल पार्टीले गरेको कारबाही बल्ल अहिले ३५ वर्षपछि सप्रमाण पुष्टि भएको छ। यस्तो भन्नेलाई भन्दा हामी सुन्नेलाई बढी लाजमर्दो भएको छ।

अहिले केही अनलाइन मिडिया, फेसबुक आदिमा प्रम बालेनको नाममा आएका केही भनाइमध्ये गण्डकी, कोशी, कांग्रेसले लिपुलेक, कालापानी राजा महेन्द्रले, महाकाली कांग्रेस, एमाले र एमसीसी कांग्रेस, एमाले र माओवादीले गर्दा हुने, तर मैले यसो भन्न नहुने यो कस्तो न्याय हो ? यसको सिधा अर्थ हो अरुले यस्तै राष्ट्रघात गर्न हुने भने मैले किन गर्न नहुने ? तर्क ठिकै हो काले काले मिलेर खाऊ भाले । तर खास राष्ट्रवादी देशभक्त वामपन्थी र जनवादी पार्टी र नेता अनि आम देशका स्वाभिमानी देशभक्त नेपाली जनताहरु भने यी माथि उल्लेखित राष्ट्रघातका विरुद्धमा त्यतिबेलाका हरेक घटनाका विरुद्ध यस्तै विरोध, निन्दा र घृणा मात्रै होइन संघर्ष नै गर्दै आइरहेका छन्। यसरी अरु राष्ट्रघाती दलालहरु जस्तै प्रधानमन्त्री भनाउँदो बालेन साह पनि बन्न थालेको मात्रै होइन बनिसकेको स्पष्ट छ। वास्तवमा यो सामन्ती, दलाल र नोकरशाही बुर्जुवा सत्ताको मूल चरित्र नै यस्तै दलाली, चाकडी, राष्ट्रघाती र राष्ट्रद्रोह गर्नु नै हो । जस्तो मेसिन त्यस्तै औजार अर्थात जस्तो सत्ता शासन त्यस्तै शासक अनि कारिन्दा हुनु स्वाभाविक नै छ।

आज यसमा प्रम बालेनको विरोध मात्रै होइन बोलेको बचन फिर्ता गर्ने र माफी माग्नुपर्ने सब प्रतिपक्षी दलहरुको माग छ । तर आम देशभक्त नेपाली जनताहरुको माग भने बालेनलाई तत्काल प्रमबाट हटाई राष्ट्रद्रोहको मुद्दा लगाई नेल हत्कडीसहित जेल चलान गरिहाल्नु पर्दछ भनिरहेका छन् । यस्तो राष्ट्रघाती अपराध गरिरहँदा पनि त्यत्तिकै माफी मागेर मात्रै छोड्नु अर्को राष्ट्रघात हुन जान्छ। जानी बुझी वा अरु जेसुकै कारणले भए पनि यस्ता राष्ट्रघाती अपराधीहरुलाई त्यत्तिकै छोड्न मिल्दैन । राष्ट्रद्रोहमा मुद्दा चलाई कारबाही नै गर्नु पर्दछ। यस्तै एउटा घटनाका कारण केही महिना पहिले थाइलेण्डकी प्रधानमन्त्री सिनावात्रालाई सरकारबाट अपदस्त गरी कारबाही गरिएको थियो। घटना एउटा सामान्य टेलिफोन वार्तामा कम्पोडियाका प्रधानमन्त्री हुनसेनलाई अंकल भनी सम्मान गरी बोलेकोमा आपत्ति जनाई त्यस्तो कारबाही भएको थियो । उमेरले हुनसेन वृद्ध सम्मानति पारिवारिक व्यक्ति काका जस्तै गरी बोलेकोमा सिंगो थाइलेण्ड राष्ट्रकै अपमान र बेइजती भएको आरोप उनलाई लगाइयो। यी दुई देश बीच पनि यस्तै सिमा विवाद चल्ने क्रममा यस्तो भएको थियो।

त्यो बालेनको बोलीले त नेपालको कालापानी, लिपुलेक मात्रै होइन नेपालको कैयौं भूमि गुम्ने खतरा उत्पन्न भएको छ । साम्राज्यवाद राक्षसी बाघ हो भने विस्तारवादी लुटेरा ब्वाँसो जस्तै हो। साम्राज्यवादी बाघले प्रत्यक्ष झम्टेर सिकार गर्छ भने विस्तारवादी ब्वाँसोले पछाडिबाट ललाई फकाई विस्तारै विस्तारै जनावर मारी सिकार गर्छ। भारतीय भूमिका ब्वाँसोको जस्तै छ। सीमा मिची टुक्राटुक्रा गरी पुरै राष्ट्रलाई नै निलिखाने दाउँ भारतीय विस्तारवादमा छ। जस्तो उदाहरण अहिले एकातिर बालेनलाई यस्तो भन्न लगाउने अर्कोतिर रवि लामिछानेलाई भारत बोलाई भव्य सम्मान गर्ने यो भारतीय विस्तारवादको दोहोरो चरित्र हो । कांग्रेस-एमाले-माओवादी लगायत अरु मधेसवादी दलहरुभित्र टुटफुट र द्वन्द्व अन्तर्विरोध सब भारतकै कारण हुने गरेको छ। अब भारतको आँखा घण्टी पार्टी र घण्टी पार्टीका नेताहरुमा पर्न थालेको छ । बालेन भर्सेज रविलाई अगाडि बढाएर घण्टी पार्टीमार्फत् अरु थुप्रै फाइदा लिनमा भारत छ। भारतले अब बालेनबाट जे पाउनुपर्ने थियो त्यो पाइसकेको छ। अर्थात् नेपालले पनि भारतीय कैयौं भूमि मिचेको भन्ने भनाइ अन्तर्राष्ट्रियकरण भइसकेको छ । भनिन्छ मुखको बोली र बन्दुकको गोली बाहिरिएपछि फेरि फर्किदैन । यसलाई च्याप्प समातेर उल्टो भारतले नेपाललाई सदा कान समातेर बस उठ गराइराख्ने छ।

अन्त्यमा बुढी मरी भनेर होइन काल पल्क्यो भनेर रोएको भने जस्तै बालेन जस्ता जोकर, फन्टुस, हाउडेले राष्ट्रद्रोहीले यस्तो के भन्यो भनेर होइन, भारतीय विस्तारवादी शासकहरुले आजसम्म नेपालीमाथि गर्दै आएको विस्तारवादी अतिक्रमणलाई ढाकछोप गर्ने अझ उल्टै नेपालले नै भारतीय सिमा मिचेको भन्दै सदा विरोध र सताइरहने राष्ट्रघाती बाटो खुल्यो भन्नेमा बढी चिन्ता थपिएको छ । त्यसैले यसलाई खाली माफी मागेर मात्रै छुट दिन हुँदैन । प्रधानमन्त्रीबाट अपदस्त गरेर राष्ट्रद्रोहको मुद्दा चलाई वर्षौंसम्म जेल नकोचेसम्म देश र जनतालाई न्याय मिल्ने छैन। यी प्रतिपक्षी दल कांग्रेस-एमाले र माओवादीको कुनै भर ठेगान छैन। माथि भने जस्तै पटकपटक यस्तो राष्ट्रघात यिनीहरुबाट पनि हुने गरेको छ। त्यसैले माथि भनेजस्तै बढी सम्भावना यिनीहरुको काले काले मिलेर खाउ भाले नै हुन सक्छ। त्यसैले यसका विरुद्ध आम देशभक्त, वामपन्थी र जनवादी शक्तिलगायत आम नेपाली जनताहरु नै संघर्षमा जुटौं । नत्र भने नेपाल सिक्किम बन्ने खतरा बढेर गएको छ।

# बढ्दो गर्मी र तापमानले महिलाको हर्मोनमा पार्छ असर, गडबड हुन सक्छ महिनावारीको चक्र

गर्मीको मौसमले केवल पसिना र थकान मात्र ल्याउँदैन, बरु धेरै महिलाहरूका लागि शरीरको भित्री प्रणालीलाई नै खलबल्याइदिन्छ।

सामान्यतया महिनावारी (पीरियड्स) लाई एउटा नियमित चक्र मानिन्छ, तर अत्यधिक गर्मीका कारण यो सन्तुलन बिग्रिन सक्छ।

गर्मीयाममा कहिले महिनावारी समयभन्दा चाँडो हुने, कहिले ढिलो हुने त कहिले रक्तश्राव सामान्यभन्दा फरक हुने गर्छ। यो कुनै संयोग मात्र नभई बढ्दो तापमान, पानीको कमी र तनावका कारण शरीरले देखाउने प्राकृतिक प्रतिक्रिया हो ।

स्त्रीरोग विशेषज्ञका अनुसार गर्मीको असर श्वासप्रश्वास वा पिसाबसम्बन्धी समस्यामा मात्र सीमित रहँदैन, यसले महिनावारीलाई पनि प्रत्यक्ष असर गर्छ। शरीरमा पानीको कमी र बढ्दो तापमानका कारण हर्मोनमा उतारचढाव आउँछ।

वास्तवमा, जब बाहिरको तापमान बढ्छ, तब शरीरले आफूलाई चिसो राख्नका लागि बढी मिहिनेत गर्नुपर्ने हुन्छ। यो प्रक्रियामा महिनावारीलाई नियन्त्रण गर्ने एस्ट्रोजन र प्रोजेस्टेरोन जस्ता हर्मोनहरू प्रभावित हुन पुग्छन् ।

गर्मीका दिनहरूमा धेरै महिलाले महिनावारीको प्रवाह अर्थात् फ्लोमा परिवर्तन महसुस गर्छन्। कुनै महिना अत्यधिक रक्तश्राव हुने त कुनै महिना एकदमै कम हुने समस्या देखिन्छ। यसको मुख्य कारण शरीरमा पानीको कमी र रक्तसञ्चारमा आउने परिवर्तन हो ।

डिहाइड्रेसनका कारण रगत बाक्लो हुन सक्छ भने अत्यधिक गर्मीको तनावले गर्भाशय खुम्चिने प्रक्रियालाई समेत असर गर्छ। प्रत्येक महिलामा यसको असर फरक-फरक हुने भएकाले फ्लोमा आउने यस्तो परिवर्तन सामान्य हो ।

पानीको कमी र मानसिक तनावले पनि यो प्रक्रियामा ठुलो भूमिका खेल्छन् । गर्मीमा शरीर चाँडै डिहाइड्रेट हुने भएकाले महिनावारीको समयमा पेट र कम्मर दुख्ने (क्र्याम्प्स) समस्या बढ्छ। यसका साथै, गर्मीका कारण शरीरमा कोर्टिसोल अर्थात् 'स्ट्रेस हर्मोन' को मात्रा बढ्छ, जसले मुड स्विङ, थकान र चिडचिडापन बढाउँछ । यही कारणले गर्दा यस मौसममा धेरै महिलाले महिनावारीका बेला बढी थकाइ र भावनात्मक उतारचढाव महसुस गर्छन् ।

गर्मीको सीधा असर निद्रामा पनि पर्छ । निद्रा राम्रोसँग नपर्दा हर्मोनको सन्तुलन झनै बिग्रिन्छ। यो एउटा चक्रजस्तै हो, जहाँ गर्मीले निद्रालाई बिगार्छ, निद्राले हर्मोनलाई असर गर्छ र हर्मोनले महिनावारीलाई प्रभावित पार्छ।

अत्यधिक गर्मीले पीएमएस (महिनावारी हुनुपूर्व देखिने लक्षण) लाई पनि तीव्र बनाउँछ, जसमा टाउको दुख्ने, बान्ता हुने, जिउ दुख्ने र छटपटी हुने जस्ता समस्या पर्छन् । यद्यपि, सबै महिलामा यी परिवर्तनहरू एकैनासले देखिन्छन् भन्ने हुँदैन।

यस्तो अवस्थामा महिलाहरूले आफ्नो दैनिक दिनचर्यामा विशेष ध्यान दिनु आवश्यक हुन्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा शरीरमा पानीको मात्रा कम हुन नदिनु हो, जसका लागि दिनभरमा कम्तीमा ३ देखि ४ लिटर पानी पिउनुपर्छ।

खरबुजा, काँक्रो जस्ता फलफूलका साथै नरिवलको पानी र मही जस्ता प्राकृतिक पेय पदार्थको सेवनले शरीरलाई हाइड्रेट राख्न मद्दत गर्छ। हलुका भोजन गर्ने, क्याफिन (चिया, कफी) को सेवन कम गर्ने, नियमित रूपमा पर्याप्त सुत्ने र हलुका व्यायाम वा योग गर्नाले पनि शरीरलाई सन्तुलनमा राख्न र पीडा कम गर्न ठुलो राहत मिल्छ।

अस्वीकरण : यो जानकारी अनुसन्धान अध्ययन र विज्ञहरूको विचारमा आधारित छ । यसलाई चिकित्सा सल्लाहको विकल्प नमानी आफ्नो चिकित्सक वा सम्बन्धित विज्ञको सल्लाह अवश्य लिनुहोला।



**तरकारी किनमेल गर्दै उपभोक्ताः**

दाङको घोराही उप-महानगरपालिका-१५ अमृतटोलस्थित कृषि उपज बिक्री केन्द्रमा बिहीबार बिहान ताजा तरकारी किनमेल गर्दै उपभोक्ता। स्थानीय तथा ताजा कृषि उपज खरिद गर्न उपभोक्ताको उल्लेख्य भीड लाग्ने गर्दछ। तस्विरः रासस

# ग्लोबल आइएमई बैंकको अगुवाइमा १९ अर्ब रुपैयाँको सम्झौता




बुटवल । ग्लोबल आइएमई बैंक लिमिटेडको अगुवाइमा १६६ मेगावाट क्षमताको सुपर तमोर जलविद्युत् आयोजनाको लागि वित्तीय व्यवस्थापनसम्बन्धि दुई पक्षीय सम्झौतामा हस्ताक्षर भएको छ। यस आयोजनाको प्रवर्द्धक कम्पनी क्रिष्टल पावर डेभलपमेण्ट प्रा.लि. र सहभागी बैंकहरुबिच वित्तीय व्यवस्थापनका लागि सम्झौता भएको हो।

उक्त सम्झौतामा ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीको उपस्थितीमा बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत दिप चन्द्र रेग्मी र क्रिष्टल पावर डेभलपमेण्ट प्रा. लि. का कार्यकारी प्रमुख कृष्णप्रसाद आचार्यलगायत सहअगुवाइ तथा सहभागी बैंकहरुका प्रतिनिधिहरुले हस्ताक्षर गरेका छन्।

कूल २५ अर्ब रुपैयाँ अनुमानित लागत रहेको उक्त आयोजनामा ग्लोबल आइएमई बैंकको अगुवाइ, सिद्धार्थ बैंक, लक्ष्मी सनराइज बैंक, प्रभु बैंक सहअगुवाई र कृषि विकास बैंक र नेपाल एसबिआई बैंकको सहभागितामा बनेको कन्सोर्टियमले करिब १९ अर्ब रुपैयाँ लगानी गर्ने छ।

जसमध्य ग्लोबल आइएमई बैंकले ५ अर्ब रुपैयाँ, सिद्धार्थ बैंकले ४ अर्ब रुपैयाँ, लक्ष्मी सनराइज बैंकले ४ अर्ब रुपैयाँ, प्रभु बैंकले ३ अर्ब ५० करोड रुपैयाँ, कृषि विकास बैंकले १ अर्ब ५० करोड तथा नेपाल एसबिआई बैंक १ अर्ब रुपैयाँ लगानी गर्ने छन्।

सम्झौतापश्चात् ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले यस आयोजना निर्धारित समयसिमाभित्र सम्पन्न भई राज्यको उर्जा उत्पादन क्षमतामा वृद्धिहुने र निर्यात प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास बैंकको रहेको छ।

ताप्लेजुङ्ग जिल्लाको फक्ताङलुङ गाँउपालिकाका स्थित तमोर नदिमा निमार्ण हुने १६६ मेगावाट क्षमताको जलविद्युत् आयोजनाको अनुमानित लागत २५ अर्ब रुपैयाँ रहेको छ।

सम्झौताअनुशार बैंकले ७५ प्रतिशत लगानी गने छ र बाँकी २५ प्रतिशत रकम संस्थापक तथा अन्य लगानीकर्ताबाट लगानी व्यवस्थापन गरिनेछ। यो आयोजना निर्माण सुरु भएको मितिबाट ५ वर्ष भित्र निर्माण सम्पन्न हुने छ।

ग्लोबल आइएमई बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुबाट फरक-फरक विधामा सम्मानित भएको छ। बैंकले बैंक अफ द इयर २०१४, बेष्ट इन्टरनेट बैंक २०१६, बेष्ट बैंक नेपाल २०२४, २०२५ र २०२६, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४, बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित अवार्डहरु प्राप्त गरिसकेको छ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकको ३४४ शाखा कार्यालय, ३८५ एटिएम, १४७ शाखा रहित बैंकिङ सेवा, ६९ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ।

बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डनलगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ।

# घरवासमा अतिथिलाई सिद्राको अचार



राँझा। बाँकेको ग्रामीण क्षेत्रमा सञ्चालित घरवास (होम स्टे) मा आउने पाहुनालाई स्थानीय क्षेत्रमा उत्पादन भएका स्वादिला खानेकुराले स्वागत गर्ने गरिएको छ।

बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेका गाभर भ्याली, खड्कवार सामुदायिक घरवास (होम स्टे) र राप्तीसोनारीको नयाँगाउँमा रहेका घरवासमा स्थानीय उत्पादन प्रवर्द्धनको लागि पाहुनालाई ढिक्री, घोँगी, सिद्राको अचार खुवाएर स्वागत गर्ने गरिएको गाभर भ्याली होमस्टेका अध्यक्ष कृष्णलाल चौधरीले जानकारी दिए।

गाभर भ्याली बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र पर्छ। यहाँबाट चुरे पर्वतका मनोरम दृश्य देख्न सकिन्छ। थारू र मुगाली समुदायद्वारा सञ्चालित गाभर भ्याली घरवासमा दैनिक करिब ५०० आन्तरिक पर्यटक आउने गरेका छन्।

यहाँ पाहुनालाई बाँके राष्ट्रिय निकुञ्जमा हात्ती सफारी र जङ्गल सफारीको व्यवस्था छ। यहाँ आउने पाहुनाहरु स्थानीय उत्पादनसँगै प्राकृतिक दृश्यावलोकनमा आकर्षित हुने गरेको च्यामा घरवासका सञ्चालक गणेश दहितले बताए।

बाँके निकुञ्ज घुम्न आउने पर्यटक अहिले घरवासमा उपलब्ध हुने विभिन्न उत्पादनबाट तयार हुने खानेकुरा खान आकर्षित भएका नयाँगाउँ ७ नम्बर घरवास सञ्चालक शोभा थारूले बताइन्। यहाँ आएका पाहुनालाई स्थानीय जातका कुखुरा, ढिक्री, घोँगीलगायतका परिकारले सत्कार गर्ने गरिएको छ।

नेपालगञ्जबाट करिब २५ किलोमिटरको दूरीमा रहेको नयाँगाउँ होम स्टे २०७२ सालमा सञ्चालनमा आएको हो। सुरुमा सात घरमा सञ्चालन गरिएको घरवास अहिले १३ घरमा सुरु भइसकेको छ।

घरवास नजिकै वनस्पति उद्यान, ढकेरी वनभोजस्थल र बाँके राष्ट्रिय निकुञ्जको हात्तिसार रहेकोले आन्तरिक पर्यटकको चहलपहल हुनेगरेको नयाँगाउँ होम स्टेका अध्यक्ष मङ्गल थारुले बताए।

बाँकेका पाँच सामुदायिक घरवासमा ५० घरपरिवार आबद्ध छन्। २०७० सालमा सुरु भएको बाँकेको पहिलो गाभर भ्याली सामुदायिक अहिले नेपालकै नमूना घरवासका रुपमा चिनिन्छ।

# चराचुरुङ्गी बचाउ अभियान



नेपालगञ्ज। नेपालगञ्जमा चराचुरुङ्गी बचाउ अभियान सुरु गरिएको छ। बढ्दो गर्मीका कारण नेपालगञ्ज क्षेत्रमा चराचुरुङ्गी पानीको अभावले सङ्कटमा पर्ने भन्दै यहाँका केही युवाले अभियान सुरु गरेका हुन्।

नेपालगञ्ज ग्यालरीका महेश श्रेष्ठले फालिएका प्लास्टिकका बोतलबाट चराचुरुङ्गीका लागि पानी पिउने व्यवस्था सुरु गरिएको जानकारी दिए। सार्वजनिक स्थानमा फालिएका प्लास्टिकका बोतल पुनःप्रयोग गरी विभिन्न स्थानमा चराचुरुङ्गीका लागि पानी राख्ने भाँडो तयार गरेर चराचुरुङ्गीलाई पानी दिन थालिएको उनको भनाइ छ।

यो अभियानमा जनावर अधिकारकर्मी सुवास साहु र वातावरण अभियन्ता हेमन्तराज काफ्लेसमेत सहभागी छन्। अभियन्ता काफ्लेले गर्मीका बेला चराचुरुङ्गी, जनावर तथा कीरा फट्याङ्राको जीवनप्रति संवेदनशील हुनुपर्ने उल्लेख गर्दै चराचुरुङ्गी, जनावर र कीरा पारिस्थितिक प्रणालीका महत्वपूर्ण अङ्ग भएको बताए।

वातावरण संरक्षण र जैविक विविधता कायम राख्न यिनीहरूको भूमिका महत्वपूर्ण भएकाले यस्ता जीवको संरक्षण गर्नु साझा दायित्व भएको अभियन्ता काफ्लेले उल्लेख गरे। "गर्मी झन बढ्दै गएको छ। त्यसैले यो कार्यक्रमलाई निरन्तर अघि लैजानुपर्छ।"-उनले भने। बढ्दो गर्मीका कारण जलसतह घट्दै गएकाले चापकल (धारा) मा पानी आउन कम हुँदै गएको बताउँदै उनले रुखमा राखिएको पानी खाने भाडोमा चराले पानी खाइरहेको सुन्दर दृश्य अहिले देख्न थालिएको उल्लेख गरे।

नेपालगञ्ज ग्यालरीका श्रेष्ठले बढ्दो गर्मीका कारण पानीको अभावमा चराचुरुङ्गी प्रभावित भइरहेका भन्दै फालिएका बोतलको पुनः प्रयोगमार्फत् पानी पिउने व्यवस्था गरिएको उल्लेख गरे। उनले आगामी दिनमा प्रत्येक शनिबार चराचुरुङ्गी र जनावरका लागि पानी पिउने भाँडो निर्माण तथा व्यवस्थापन गर्ने अभियानलाई निरन्तरता दिइने जानकारी दिए। उनका अनुसार अहिले सुर्खेत रोडमा रहेका बोट तथा बिरुवामा त्यसरी राखिएको पानी राँझा चोकसम्म राख्ने लक्ष्य लिइएको छ।

स्थानीय रूपमा यस अभियानको प्रशंसा गर्दै घर, पसल तथा सार्वजनिक स्थानमा पानीको व्यवस्था गरेर चराचुरुङ्गी र अन्य जीवजन्तुको जीवन रक्षा गर्न सहयोग गर्नुपर्ने बताइएको छ। बढ्दो तापक्रम र जलवायु परिवर्तनको प्रभावबीच नेपालगञ्जमा सुरु भएको सो अभियानले मानव र प्रकृतिबिचको सहअस्तित्वलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ।

# 'मेरोकित्ता' मोबाइल एप सार्वजनिक

बुटवल। नापी विभागले 'मेरोकित्ता' मोबाइल एप सार्वजनिक गरेसँगै अब जग्गासम्बन्धी सेवाहरू घरमै बसेर प्राप्त गर्न सक्ने भएका छन्।

एपमार्फत् नक्सा प्रिन्ट, फिल्डबुक उतार, प्लट रजिस्टर उतार तथा फिल्ड रेखांकनका लागि अनलाइन आवेदन दिन सकिने विभागको भनाइ छ।

विभागका अनुसार आवेदन दर्तापछि सिस्टममा ओटीपी उपलब्ध हुने र सेवाग्राहीले मोबाइल नम्बर तथा ओटीपी प्रयोग गरी आफ्नो आवेदनको अवस्था नियमित रूपमा हेर्न सक्नेछन्।

साथै ईसेवा, खल्ती र कनेक्ट आईपीएसमार्फत राजस्व तिर्न सकिने सुविधा पनि एपमा समावेश छ। फिल्ड रेखांकन सेवाका लागि आवश्यक राजस्वसमेत अनलाइनबाटै भुक्तानी गर्न सकिने विभागले जनाएको छ।

एपमार्फत सम्बन्धित नापी कार्यालयका कार्यालय प्रमुख तथा सूचना अधिकारीको सम्पर्क नम्बरसमेत प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ। 'मेरोकित्ता सेवा मोबाइल एपसँगै वेब संस्करणमा पनि उपलब्ध रहेको विभागले जानकारी दिएको छ। सो एप एन्ड्रोइड र आईओएस दुवै प्लेटफर्ममा उपलब्ध छ।

एप सार्वजनिक कार्यक्रममा भूमि व्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलले जग्गासम्बन्धी सेवा लिन सेवाग्राहीले कार्यालय धाउनुपर्ने बाध्यता क्रमशः अन्त्य हुँदै गएको बताइन्। 'मेरोकित्ता' एपले सेवा प्रवाहलाई थप सहज, छरितो, पारदर्शी र प्रभावकारी बनाउने उनको विश्वास छ।

## टुगा आस्था विकास बचत तथा ऋण सहकारी संस्था लि.

**केन्द्रिय कार्यालय : ओमसतिया-१, रुपन्देही**

## धितो लिलाम बिक्री गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३।०२।२२**

यस संस्थाको ऋणी सदस्य चन्नुलाल थारुको नाती भिखु थारुको छोरा तिलोत्तमा १५, रुपन्देही ठेगाना भएको चिनक थारुले उपभोग गरेको ऋणको साँवा, व्याज र हर्जाना तिर्नु बुझाउनु पर्नेमा हालसम्म नबुझाई ऋण सम्वन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्वन्धमा मौखिक तथा लिखित पत्रद्धारा ताकेता गर्दा समेत ऋण नतिरेको, नबुझाएको हुदाँ मिति २०८२।१२।१७ को राष्ट्रिय दैनिक दैनिक लुम्बिनीमा ऋण चुक्ता गर्नको लागि ३५(पैतिस) दिने सार्वजनिक सूचना प्रकासित गर्दा समेत ऋणीले ऋण चुक्ता नगरेको कारण तपसिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ती लिलाम विक्री गरी यस संस्थाको सम्पूर्ण लेना रकम असुलउपर गरी लिनको लागि ऋणको सुरक्षण वापत लेखाई दिएको धितो लिलाम विक्री गर्न यो प्रथम पटक ३५(पैंतिस) दिने धितो लिलाम सम्वन्धी सूचना प्रकासित गरिएको छ। अत उल्लेखित म्यादमा तपसिलमा उल्लेखित लिलाम बिक्री हुने धितो सम्पत्ती डाँक बढाबढ कबोल गरी लिन इच्छुक संघसंस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले प्रथम पटक सूचना प्रकासित भएको ३५औं दिन मिति २०८३।०३।२५ गते विहिबार ११:०० वजे संस्थाको केन्द्रीय कार्यालयमा डाँक बढाबढ कबोल गरी सकार्न अनुरोध गर्दछौ।

**तपसिल**

| जग्गाधनिको नाम | जिल्ला | नगरपालिका | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| चिनक थारु | रुपन्देही | तिलोत्तमा नगरपालिका<br>साविक मधवलिया गा.वि.स) | १५ | ३९<br>३६ | २७।६८ व.मि.<br>१५३।४४ व.मि. |

**शर्त बन्देजहरु :**

१. संस्थाको सम्पूर्ण लेना रकमबाट डाँक बढाबढ शुरु गरिनेछ।
२. लिलाम बिक्रीको कार्य सकिनासाथ लिलाम सकार गर्नेबाट सकार गरेको मूल्यको १०% रकम सोही दिन धरौटीको रूपमा बुझाउनु पर्नेछ र बाँकी नब्बे प्रतिशत रकम लिलाम सकारेको मितिले ७ दिनभित्र बुझाइ सक्नु पर्नेछ तथा सो म्यादभित्र नबुझाएमा धरौटीबापत राखेको रकम जफत हुनेछ।
३.लिलाम सकार्ने व्यक्तिले सकार गरेको मूल्यको १०% रकम उसै दिन नबुझाएमा निज पछि सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गरिनेछ।
४.लिलाम बिक्री नभएमा धितो सुरक्षण सम्पत्ती संस्थाको स्वामित्वमा भैजानेछ।
५. सूचना प्रकाशित भइसकेपछि ऋणीले तिर्नु बुझाउनु पर्ने रकम बुझाएमा लिलाम बिक्री स्थगित गर्न सक्नेछ।
६.उक्त दिन सार्वजनिक विदा परेमा अर्को दिन गरिनेछ।
७. परिवारिक सदस्यले लिलाम सकार्न चाहेमा पहिलो प्राथमिकता दिइनेछ।
८. लिलाम बिक्री सम्वन्धी बिवाद परेमा अन्तिम निर्णय लिलामी कार्यदलको निर्णय अन्तिम हुनेछ।

**सम्पत्ति...**

सुशासनको आधारभूत सिद्धान्त भनेको कानून र जवाफदेहिताको दृष्टिले सबै समान हुनु हो। तर राज्यका शक्तिशाली निकाय र उच्च पदाधिकारीलाई छानबिनबाट उन्मुक्ति दिने तथा अरूलाई मात्र अनुसन्धानको घेरामा ल्याउने हो भने त्यसले समान न्यायको सन्देश दिँदैन। बरु "सानालाई ऐन, ठूलालाई चैन" भन्ने पुरानो भनाइलाई थप बल पुर्‍याउँछ।

सरकारको छनोटपूर्ण निर्णयले भ्रष्टाचारविरुद्धको अभियानभन्दा पनि राजनीतिक प्रतिशोध वा शक्ति संरक्षणको सन्देश दिन्छ। सुशासन भाषण, नारा र आयोग गठनबाट मात्र स्थापित हुँदैन। सुशासनको वास्तविक परीक्षा तब हुन्छ, जब सत्ता र शक्तिको केन्द्रमा रहेका व्यक्तिहरू पनि अरू सरह छानबिन र जवाफदेहिताको दायरामा आउँछन्।

त्यसैले आयोगको विश्वसनीयता र सरकारको सुशासनप्रतिको प्रतिबद्धता प्रमाणित गर्ने हो भने कुनै व्यक्ति वा संस्थालाई विशेष छुट नदिई सबै सार्वजनिक पदाधिकारीलाई समान रूपमा अनुसन्धानको दायरामा ल्याउन आवश्यक देखिन्छ। अन्यथा यो अभियान सुशासनको अभ्यासभन्दा बढी राजनीतिक प्रतिशोध प्रदर्शनको रूपमा सीमित हुने खतरा रहने सुशासन विज्ञहरुको भनाइ छ।

**महामन्त्रीसहित...**

र उहाँ मात्रै होइन, विभिन्न राजावादी, राष्ट्रवादी, हिन्दुवादी संघ-संस्था, पार्टी, व्यक्ति सबैलाई समेट्ने गरी ठुलो छाती राखेर हामी अगाडि बढेका छौँ। सानो हृदय राखेर, सानो छाती राखेर होइन। सबैलाई आह्वान गर्ने हो। त्यस कारणले ठुलो छाती राखेर आज हामी अगाडि बढिरहेका छौँ।'

नयाँ शक्ति अभियानका रूपमा नभई औपचारिक राजनीतिक दलका रूपमा स्थापना हुने जिकिर गरे। देश परिवर्तनका लागि अन्ततः राजनीतिक दल र राजनीतिक नेतृत्व नै आवश्यक पर्ने भएकाले पार्टी गठनको बाटो रोजिएको बताए।

उनले भने-'देशभरका स्थानीय तहमा इमानदार, कर्मठ र भ्रष्टाचारविरुद्ध उभिन सक्ने व्यक्तिहरूको खोजी सुरु गरिनेछ। आगामी निर्वाचनलाई लक्षित गरी उम्मेदवार तयारी प्रक्रिया अघि बढाइन्छ। स्थानीय तहबाटै नयाँ नेतृत्व विकास गर्ने योजना बनाएका छौँ।'

नयाँ दलको संरचनामा युवाहरू र महिलाहरूलाई प्राथमिकता दिइने उनले बताए। केन्द्रीय समितिमा ६० प्रतिशतभन्दा बढी युवाको सहभागिता रहने दाबी उनले गरे। उनले प्रस्तावित दलले राजासहितको प्रजातान्त्रिक व्यवस्था, हिन्दु सनातन राष्ट्रको अवधारणा तथा राष्ट्रियताको एजेन्डा बोकेर अघि बढ्ने स्पष्ट पारे।

बुद्ध धर्मावलम्बी, किराँत समुदायलगायत सबै धर्म र संस्कृतिप्रति सम्मान कायम राख्दै समावेशी ढङ्गले अघि बढ्ने प्रतिबद्धता उनले व्यक्त गरे। उनले नेपालभित्र र विदेशमा रहेका नेपालीहरूलाई समेत नयाँ राजनीतिक यात्रामा सहभागी हुन आह्वान गर्दै देश निर्माण, सुशासन, रोजगारी सिर्जना र भ्रष्टाचार नियन्त्रणलाई प्रमुख लक्ष्य बनाइने बताए।

## एक्सटेण्टेड आर्मी ग्रुप इन्स्योरेन्स सर्टिफिकेट हराएको सूचना

मेरो निम्न विवरण भएको एक्सटेण्टेड आर्मी ग्रुप इन्स्योरेन्स सर्टिफिकेट यही मिति २०८३।०१।०१ गते बुटवलदेखि भैरहवा जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

नामः पिताम्बर थापा
सर्टिफिकेट नं. : ४०४९७५९०
ठेगानाः बुटवल-१७, रानीगञ्ज
रेङ्कः- HAV
आर्मी नं.: ५३४५०८४
मोबाइल नम्बरः ९८६३९४४८७३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# गौतमबुद्ध विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडानका लागि भारतीय पक्षसँग अनुरोध




बुटवल । नेपाल र भारतबिचको आर्थिक, व्यापारिक तथा लगानी सहकार्यलाई थप प्रभावकारी बनाउँदै साझा समृद्धिको आधार निर्माण गर्नुपर्नेमा दुवै देशका सरकारी तथा निजी क्षेत्रका प्रतिनिधिहरूले जोड दिएका छन् ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको पूर्ण सञ्चालन, सीमावर्ती क्षेत्रको औद्योगिक विकास तथा लुम्बिनीको अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धनमा भारतको निजी क्षेत्रको सक्रिय सहभागिताको आवश्यकता औँल्याइएको छ ।

बिहीबार भारतको गोरखपुरमा आयोजित 'भारत-नेपाल आर्थिक सहयोग मञ्च-२०२६' मा सहभागी वक्ताहरूले कृषि, पर्यटन, ऊर्जा, बैंकिङ, पूर्वाधार, औद्योगिक लगानी र सीमापार व्यापारलाई प्राथमिकतामा राखेर द्विपक्षीय सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउनुपर्ने बताएका हुन् । कार्यक्रममा नेपाली निजी क्षेत्रका प्रतिनिधिहरूले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई नियमित अन्तर्राष्ट्रिय उडानको केन्द्रका रूपमा विकास गर्न भारतीय वायुसेवा कम्पनी तथा निजी क्षेत्रको सहयोग आवश्यक रहेको बताएका थिए । विमानस्थल सञ्चालनले लुम्बिनी क्षेत्रको पर्यटन, व्यापार र लगानी प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने धारणा व्यक्त गरिएको थियो ।

छलफलका क्रममा भैरहवास्थित विशेष आर्थिक क्षेत्र (सेज) मा भारतीय उद्योगहरू आकर्षित गर्न नीतिगत तथा व्यावसायिक सहकार्य आवश्यक रहेको विषय पनि उठाइएको थियो । सहभागीहरूले सीमावर्ती क्षेत्रका औद्योगिक सम्भावनाको उपयोग गर्दै संयुक्त लगानी र उत्पादन विस्तार गर्नुपर्नेमा जोड दिएका थिए ।

लुम्बिनीलाई अन्तर्राष्ट्रिय धार्मिक तथा सांस्कृतिक पर्यटन केन्द्रका रूपमा स्थापित गर्न भारतीय पर्यटन व्यवसायी र निजी क्षेत्रले थप भूमिका खेल्नुपर्नेमा पनि वक्ताहरूले जोड दिएका थिए । बुद्ध जन्मस्थल लुम्बिनीलाई भारतीय बौद्ध पर्यटक तथा अन्तर्राष्ट्रिय पर्यटकको प्रमुख गन्तव्यका रूपमा प्रवर्द्धन गर्न संयुक्त अभियान सञ्चालन गर्नुपर्ने सुझाव दिइएको थियो ।

भारतस्थित नेपाली दूतावासका सह-सचिव तारानाथ अधिकारीले नेपाल र भारतबिचको आर्थिक सम्बन्धलाई थप मजबुत बनाउन व्यापार, पर्यटन, लगानी र पूर्वाधार विकासका क्षेत्रमा सहकार्य विस्तार गर्नुपर्ने बताए । उनले दुवै देशका निजी क्षेत्रबीचको साझेदारी आर्थिक समृद्धिको महत्वपूर्ण आधार बन्न सक्ने जनाए ।

भारतस्थित नेपाली दूतावासका इकोनोमिक काउन्सिलर रवीन्द्रजंग थापाले नेपालमा लगानी, उद्योग, पर्यटन र व्यापारका प्रशस्त सम्भावना रहेको बताउँदै निजी क्षेत्रको सक्रिय सहभागिताले द्विपक्षीय आर्थिक सम्बन्ध थप सुदृढ हुने विश्वास व्यक्त गरे ।

नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष कृष्णप्रसाद शर्माले व्यापार सहजीकरण, लगानीमैत्री वातावरण निर्माण तथा सीमावर्ती क्षेत्रको आर्थिक विकासलाई प्राथमिकता दिनुपर्ने बताए । उनले नेपाल-भारत आर्थिक सम्बन्धलाई व्यवहारिक र परिणाममुखी बनाउन निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको धारणा राखेका थिए ।

भारत-नेपाल आर्थिक सहयोग मञ्चका सचिव उपाध्यक्ष तथा कार्यक्रमका अध्यक्ष कमलेस जैनले नेपाल-भारत आर्थिक सहकार्यका सम्भावना, व्यापारिक सम्बन्ध र निजी क्षेत्रको भूमिकाबारे जानकारी गराउँदै दुवै देशबीचको साझेदारीलाई थप परिणाममुखी बनाउनुपर्ने बताए ।

भारतीय उद्योगपति अनुकुल भटनागरले नेपाल र भारतबिचको ऐतिहासिक सम्बन्धलाई आर्थिक विकाससँग जोड्नुपर्ने बताउँदै व्यापार, उद्योग, लगानी र वित्तीय सहकार्य विस्तारमार्फत् दुवै देशले पारस्परिक लाभ लिन सक्ने धारणा व्यक्त गरे ।

नेपाल चेम्बर अफ कमर्स लुम्बिनी प्रदेशका अध्यक्ष टंक पोखरेलले सीमावर्ती क्षेत्रको व्यापार, पर्यटन र उद्योग प्रवर्द्धनका लागि निजी क्षेत्रबिच सहकार्य बढाउनुपर्ने बताए ।

नेपाल उद्योग वाणिज्य महासङ्घ लुम्बिनी प्रदेशका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले सीमावर्ती क्षेत्रको आर्थिक विकास, पर्यटन र औद्योगिक सहकार्यलाई थप विस्तार गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा नेपाल र भारतका उद्योगी, व्यवसायी, बैंकिङ क्षेत्रका प्रतिनिधि, वाणिज्य तथा उद्योग सङ्घका पदाधिकारी तथा विज्ञहरूबिच गोलमेच छलफल, अन्तरक्रिया र अनुभव आदानप्रदान गरिएको थियो ।

सहभागीहरूले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन, लुम्बिनी पर्यटन प्रवर्द्धन, सेजमा लगानी विस्तार, व्यापारिक प्रक्रियाको सरलीकरण, पूर्वाधार विकास तथा निजी क्षेत्रबिचको सहकार्य अभिवृद्धिमार्फत् द्विपक्षीय आर्थिक सम्बन्धलाई थप प्रभावकारी बनाउनुपर्ने निष्कर्ष निकालेका थिए ।

# सञ्चार नीति बनाएर मिडियासँग सहकार्य गरेर काम गर्ने स्थानीयतहको प्रतिबद्धता

**कृष्ण पोखरेल**
*पाल्पा*

स्थानीय विकास र सञ्चार सवलीकरणका विषयमा पाल्पाका स्थानीयतह र नेपाल पत्रकार महासंघबिच अन्तरक्रिया भएको छ । पाल्पाका स्थानीयतहका प्रमुख, उप-प्रमुख , प्रमुख प्रशासकीय अधिकृत र पत्रकार महासंघ पाल्पाका पदाधिकारी, पूर्व अध्यक्ष एवं पत्रकारहरुबिच भएको अन्तरक्रिया कार्यक्रममा विभिन्न सात बुँदे विषयमा मिलेर काम गर्ने निष्कर्ष निकालिएको छ । जिल्लामा सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धनका लागि सहकार्य गर्ने, नागरिकलाई सही, विश्वसनीय र सूचना समयमै उपलब्ध गराउने, लोकतान्त्रिक मूल्य, मानवअधिकार र प्रेस स्वतन्त्रताको सम्मान गर्ने, सूचना तथा दुष्प्रचार नियन्त्रणका लागि एक आपसमा समन्वय गर्ने, पाल्पाको समग्र विकास, सुशासन र नागरिक हितलाई केन्द्रमा राखेर कार्य गर्ने अन्तरक्रियामा जोड दिएको छ ।

अन्तरक्रिया कार्यक्रममा स्थानीय तह र सञ्चार माध्यमबिच सूचना प्रवाह तथा जनहितका कार्यक्रमहरुको प्रचार प्रसारलाई प्रभावकारी बनाउन पत्रकार महासंघको समन्वयमा जिल्लाका मिडिया तथा पत्रकारहरु परिचालन गर्ने , नागरिकको सूचनाको हक सुनिश्चित गर्न सहयोग पुऱ्याउने, नेपाल पत्रकार महासंघ पाल्पा शाखासँग समन्वय र सहकार्य गरी स्थानीय तहको सञ्चार नीति बनाइ स्थानीय मिडियाहरुलाई बलियो बनाउन सहयोग आदान प्रदान हुने पालिकाका अध्यक्षहरुले जोड दिए ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृतहरुले आफूहरु सूचना प्रकासन तथा प्रसारणमा केन्द्र सरकारको परिपत्रलाई कार्यान्वयन गर्न बाध्य रहेको बताए । स्थानीय सरकारले आ-आफ्नो सञ्चार नीति बनाएर गएमा आफूहरुले कार्यान्वयन गर्ने प्रमुख प्रशासकीय अधिकृतहरुले जोड दिए ।



अन्तरक्रिया कार्यक्रममा निवर्तमान अध्यक्ष रेखीराम रानाले स्थानीयतह र मिडियाको अवस्था, दुवै पक्षको जिम्मेवारी, दायित्व, समन्वय र सहकार्य, पत्रकार आचारसंहिता एव, पालिकाहरुले निर्माण गर्नुपर्ने सञ्चार नीति, कार्यदिशा, पछिल्लो सयम केन्द्र सरकारले सार्वजनिक खरिद संशोधन गरी सरकारी बोलपत्रका सूचना सरकारी मिडियामा मात्र प्रकासन, प्रसारणका विषयमा केन्द्रित कार्यपत्र प्रस्तुत गरे । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालले केन्द्र सरकारको निर्णयले जिल्लामा सञ्चालनमा भएका अधिकांश मिडियाहरु संकटमा पर्दै गएकोले, लोकतन्त्र बचाउन पनि मिडिया बाँच्नु पर्ने आवश्यकता रहेको बताए । जिल्लाका मिडिया र पत्रकार बचाउन स्थानीयतहको साथ सहयोगको जरुरी रहेकोले सोहीअनुसारको नीति नियम बनाएर सहकार्य गर्नुपर्ने समन्वय प्रमुख खनालले बताए ।

अन्तरक्रिया कार्यक्रममा बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदी दर्लामी, रिव्दीकोट गाउँपालिकाका अध्यक्ष नारायणबहादुर कार्की, माथाँगढी गाउँपालिकाका अध्यक्ष यमबहादुर चिदी, पूर्वखोला गाउँपालिकाका अध्यक्ष नुनबहादुर थापा, निस्दी गाउँपालिका अध्यक्ष मुक्तबहादुर सारु, तानसेन नगरपालिकाका प्रमुख प्रसासकीय अधिकृत चेतनाथ गिरी, पूर्वखोला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजु नेपालले पालिकाहरुबाट मिडिया क्षेत्रमा भइरहेको कामहरुको बारेमा जानकारी गराए । पालिका अध्यक्षहरुले आगामी दिनमा सञ्चार नीति बनाएर जिल्लाका मिडियाको सवलीकरण गर्ने प्रतिबद्धता जनाएका छन् ।

अन्तरक्रिया कार्यक्रममा पत्रकार महासंघका पूर्व अध्यक्षहरु गोविन्द भट्टराई, झपेन्द्र गहिरे, पत्रकारहरु भरत शर्मा, माधव अर्याल, जगदिश भट्टराई, महासंघका सल्लाहकार कृष्ण दर्नाललगायतले जिल्लाका मिडियाहरु बचाउन स्थानीय सरकारको अनिवार्य रुपमा साथ र सहयोगको खाँचो रहेको बताए । महासंघक पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाको अध्यक्षता, उपाध्यक्ष मुक्ति न्यौपानेको स्वागत र सचिव रामचन्द्र रायमाझीको सञ्चालनमा अन्तरक्रिया कार्यक्रम चलेको हो ।

# एकल महिलामाथि हुने हिंसाविरुद्ध बुटवलमा संवाद

बुटवल । एउटै मञ्चमा फरक-फरक समुदायका महिलाहरू आफ्नो मौलिक पहिचान झल्काउने पोशाकमा उपस्थित थिए । कसैले थारू संस्कृति झल्काउने पहिरन लगाएका थिए । कसैले मगर, नेवार, मुस्लिम, दलित, ब्राह्मण, क्षेत्री समुदायको प्रतिनिधित्व गरिरहेकी थिए । तर उनीहरूलाई जोड्ने साझा विषय एउटै थियो - एकल महिलामाथि हुने विभेद, हिंसा र सम्मानपूर्ण जीवनको अधिका ।

"समुदाय मित्र एकल महिला माथि हुने हिंसाविरुद्धको संवाद कार्यक्रम" मा सहभागी एकल महिलाहरूले आफ्नो समुदायभित्र भोग्नुपरेका समस्या र चुनौतीहरू खुलस्त रूपमा राखेका थिए । कार्यक्रममा ब्राह्मण, क्षेत्री, मगर, नेवार, दलित, थारू र मुस्लिम समुदायका एकल महिलाहरूले आफ्ना अनुभव सुनाउँदै सामाजिक दृष्टिकोण, आर्थिक असुरक्षा, अवसरको अभाव र सांस्कृतिक विभेदका विषय उठाएका थिए ।

कार्यक्रमले एकल महिलाका समस्या कुनै एक समुदायमा सीमित नरहेको, स्वरूप फरक भए पनि पीडा धेरै हदसम्म समान रहेको सन्देश दिएको थियो ।

सो अवसरमा सहभागीहरुलेले समाजमा अझै पनि एकल महिलालाई सहानुभूतिको पात्र मात्र बनाइने, तर निर्णय प्रक्रियामा सहभागी गराउन नखोजिने अवस्था रहेको बताएका थिए । आर्थिक आत्मनिर्भरताको अभावले हिंसा र विभेद झनै गहिरो भईरहेको सुनाएका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै बुटवल उप-महानगरपालिकाकी उप-प्रमुख सावित्रादेवी अर्यालले संवादका क्रममा उठेका विषयहरूलाई



आगामी नीति तथा कार्यक्रममा समेट्ने प्रतिबद्धता व्यक्त गरिन् । उनले स्थानीय सरकारले महिला तथा एकल महिलाका सवाललाई प्राथमिकतामा राख्दै योजनाबद्ध रूपमा काम गर्ने बताइन् ।

उनले सीप नगरपालिकाले सिकाउने प्रतिबद्धतासहित आयअर्जनमा जोडिनको लागि आग्रह गर्दै आवश्यक सहजीकरण गर्ने बताइन् ।

मानवअधिकारका लागि महिला, एकल महिला समूह रुपन्देहीको आयोजनामा भएको कार्यक्रममा संस्थाकी अध्यक्ष रीता सेन वलीले यस्ता कार्यक्रम केवल प्रतिस्पर्धा वा औपचारिकतामा सीमित नभई समुदायभित्र एकल महिलाको हित र अधिकार सुनिश्चित गर्न केन्द्रित हुनुपर्नेमा जोड दिइन् । उनका अनुसार एकल महिलाको सशक्तीकरणका लागि उनीहरूको वास्तविक आवश्यकता पहिचान गरी समुदायस्तरबाटै पहल आवश्यक छ ।

त्यसैगरी लुम्बिनी प्रदेश अध्यक्ष अरुणा श्रेष्ठले कार्यक्रममा उठेका माग र सुझाव प्रदेश सरकारसम्म पुऱ्याउने प्रतिबद्धता व्यक्त गरिन् । उनले नीति निर्माण तहमा एकल महिलाका मुद्दा सशक्त रूपमा उठाउनुपर्ने आवश्यकता औँल्याइन् ।

निर्णायकको भूमिकामा कार्यक्रम उद्घोषक संयोजक गोपाल अधिकारी र संगीत प्रशिक्षक सुन्दर गुरुङ रहेको संस्थाकी सचिव कला केसीले जानकारी गराइन ।

सो अवसरमा समुदायबिच उत्कृष्टलाई पुरस्कृत समेत गरिएको थियो । समुदायमधे प्रथम ब्राह्मण समुदाय, दोस्रो नेवार समुदाय समुदाय र तेस्रो दलित समुदाय, सान्त्वना थारु समुदाय भएका थिए । प्रथमलाई २ हजार, दोस्रो हुने टिमलाई लाई १५ सय र र तेस्रो एंव सान्त्वना टिमलाई १ हजार रकमसहित सम्मान गरिएको थियो ।

# परराष्ट्रमन्त्री खनाल तीन दिने भारत भ्रमणमा जाँदै



बुटवल । परराष्ट्रमन्त्री शिशिर खनाल शुक्रबार आजदेखि तीन दिने औपचारिक भ्रमणका लागि भारत जाने भएका छन् ।

परराष्ट्र मन्त्रालयले बिहीबार एक प्रेस विज्ञप्ति जारी गर्दै मन्त्री खनालको भारत भ्रमणको औपचारिक कार्यतालिका सार्वजनिक गरेको हो ।

भारतीय विदेशमन्त्री डा. एस. जयशङ्करको सौहार्दपूर्ण निमन्त्रणामा परराष्ट्रमन्त्री खनाल २२ देखि २४ जेठसम्म भारत भ्रमणमा जान लागेका हुन् ।

भ्रमणका क्रममा परराष्ट्रमन्त्री खनालले नयाँ दिल्लीमा आफ्ना भारतीय समकक्षी विदेशमन्त्री डा. जयशङ्करसँग औपचारिक द्विपक्षीय भेटवार्ता गर्नेछन् । उक्त बैठकमा नेपाल र भारतबिचको पारस्परिक हितका विविध विषयमा केन्द्रित रहेर छलफल हुने परराष्ट्र मन्त्रालयले जनाएको छ ।

विशेषगरी दुई देशबीचको व्यापार, लगानी, कनेक्टिभिटी (सम्पर्क सञ्जाल), ऊर्जा क्षेत्र र जनता-जनताबिचको सम्बन्धलाई थप सुदृढ र विस्तार गर्नेबारे विस्तृत विचार-विमर्श हुने कार्यसूची रहेको छ ।

नियमित उच्चस्तरीय भ्रमण आदानप्रदानको रूपमा हुन लागेको यस भ्रमणले नेपाल र भारतबिचको कूटनीतिक, ऐतिहासिक र बहुआयामिक द्विपक्षीय सम्बन्धलाई अझ प्रगाढ र मजबुत बनाउने विश्वास परराष्ट्र मन्त्रालयले व्यक्त गरेको छ ।

भ्रमण तालिकाअनुसार परराष्ट्रमन्त्री खनाल २४ जेठमा स्वदेश फिर्ता फर्कने कार्यतालिका रहेको छ ।

# नेकपाले माग्यो प्रधानमन्त्रीको राजीनामा



बुटवल । नेपाली कम्युनिस्ट पार्टीले प्रधानमन्त्री बालेन शाहको अभिव्यक्तिको विरोधमा माइतीघरमा प्रदर्शन गरेको छ ।

प्रधानमन्त्री शाहले सीमाबारे विवादित अभिव्यक्ति दिएको विरोधमा नेकपाले जनवर्गीय सङ्गठनलाई सडकमा उतारेको हो । प्रदर्शनको जनवर्गीय सङ्गठन समन्वय मोर्चाका प्रमुख राजेन्द्र पाण्डेले नेतृत्व गरेका थिए । उनीहरूले राष्ट्रघाती अभिव्यक्ति दिने प्रधानमन्त्री राजीनामा मागे ।

विरोधसभालाई सम्बोधन गर्दै नेकपाका नेता सुदेश पराजुलीले संसद्मा उभिएर देशकै कार्यकारी प्रमुखले राष्ट्रमाथि एउटा गम्भीर ढङ्गले प्रहार गरेको टिप्पणी गरे ।

उनले भने-'देश चलाउने कुरा चिया खाएर ऱ्याप हाने जस्तो हुँदैन रहेछ । पाण्डेले प्रधानमन्त्री बालेन शाहले सदनमा देशविरुद्ध बोलेको बताएका छन् ।

माइतीघरको आन्दोलनमा बोल्दै संसद्बाटै माफी माग्ने वा राजीनामा दिने दुई मात्र विकल्प भएको बताए ।

उनले भने-'विकसित देशको प्रधानमन्त्री भए संसदबाट बाहिरिँदै राजीनामा दिनुपर्ने अवस्था आउँथ्यो । हाम्रो देशमा यस्ता कुरा क्षम्य नै हुन्छन्, आजसम्म अन्य देशमा भए लाखौँ मान्छे सडकमा निस्किएर आगो बाल्ने स्थिति बन्थ्यो । अझै पनि बालेन शाहले राम्रो बोलेका हुन्, सही छन् भन्ने मान्छेहरू पनि यही देशमा छन् ।'

उनले प्रधानमन्त्रीको गैर जिम्मेवार र राष्ट्रघाती अभिव्यक्ति भएको बताए । उनले कालापानी, लिम्पियाधुरा र लिपुलेक नेपालको भूमि भएको बताए ।

उनले राष्ट्रियताको विरुद्धमा उभिएको शासकलाई सडकबाट सबक सिकाउनका निम्ति आफ्नो पार्टी सडकमा उभिएको बताए ।

# होल्डिङ सेन्टरमा राखिएका दर्जीको मृत्यु

बुटवल । कीर्तिपुरको होल्डिङ सेन्टरमा बसिरहेका सुकुम्वासी भेषबहादुर दर्जीको मृत्यु भएको छ । उनको बिहीबार वीर अस्पतालको आइसीयूमा उपचारका क्रममा मृत्यु भएको हो ।

दर्जीको मृत्यु भएको उनकी पत्नी विमला सुनुवारले जानकारी दिइन् । होल्डिङ सेन्टरमै बिरामी अवस्थामा बसिरहेका दर्जीको स्वास्थ्यमा जटिलता उत्पन्न भएपछि परिवारले उपचारका लागि वीर अस्पताल लगेको थियो ।

अस्पताल पुग्दा उनको फोक्सोमा पानी जमेको चिकित्सकले बताएका थिए । उनी लामो समयदेखि फोक्सोसम्बन्धी रोगका बिरामी रहेको परिवारले जनाएको छ ।

अस्पताल पुगाएपछि चिकित्सकले उनलाई आइसीयूमा राखेर उपचार गर्ने निर्णय लिएका थिए । तर, उनको ज्यान जोगिएन ।

उनको परिवारमा तीन जना सदस्य रहेको पत्नी विमलाले जानकारी दिइन् ।

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com